बलेफी गाउँपालिका
Balephi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बलेफी, सिन्धुपाल्चोक / Balephi, Sindhupalchowk
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal

पत्र संख्या (F/Y):
चलानी नम्बर (Ref. No.):

मिति (Date): २०७९।१०।२३

विषयः-माटो परीक्षण शिविर संचालन सम्बन्धी सूचना।

यस गाउँपालिकाको चालु आ.व ०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तर्फको माटो परीक्षण शिविर कार्यक्रम संचालन गर्नुपर्ने भएकाले बलेफी गाउँपालिकाका इच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७९/११/०८) भित्रमा आफूलाई पायक पर्ने स्थान (वडा-कार्यालय/कृषि विकास शाखा/कृषि विकास उपशाखा)मा आफ्नो खेत वा बारीको माटोको नमूना सङ्कलन गरी परीक्षण गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नमूना संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरूः**

क) धेरै ठूलो जमिनबाट नमूना संकलन गर्दा सबै जमिनको प्रतिनिधित्व हुने गरी अर्थात् १ रोपनीबाट कम्तिमा ७-८ वटा नमूना लिनुपर्नेछ।

ख) माटोको नमूना लिँदा अन्न तथा तरकारी बालीका लागि जमिन सतहबाट ८-१० ईन्चसम्म र गहिरो जरा जाने वा फलफूल बालीका लागि जमिनको ४ फिट गहिराईसम्मको माटोको नमूना लिनुपर्नेछ।

ग) माटोको नमूना सङ्कलन गरिसके पछी रूखमुनि छहारिमा वा अन्य घाम नपर्ने ठाउँमा सुकाइ सुख्खा र झारपात रहित बनाउनुपर्नेछ।

घ) राम्रोसँग सुकिसके पछी सुकेको माटोलाई धुलोपारि मिसाउनु पर्नेछ र आधा के.जी. माटो प्लाष्टिक वा कपडाको थैलामा हावा नछिर्ने गरी राख्नुपर्नेछ। धेरै ठाउँबाट नमूना सङ्कलन गरी मिसाउँदा धेरै माटो भएमा त्यसलाई सफा ठाउँमा राखी चार भाग लगाउने र विपरित दिशाको दुई भाग फालेर बाँकी दुई भाग लिनुपर्नेछ। अझ धेरै भएमा पुनः यो काम दोहोऱ्याउने र आधा के.जी. माटो नमूनाको लागि लिनुपर्नेछ।

ङ) माटोको नमूना लिइसकेपछी कृषकको नाम, ठेगाना, माटोको किसिम, अघिल्लो बालीमा प्रयोग गरेको मलको मात्रा, सिँचाईको अवस्था र लगाउन चाहेको बाली आदि राम्रोसँग लेखेर टाँस्नु पर्नेछ।

च) माटो जाँच गर्ने जग्गाको माटोको रङ्ग, बनावट फरक-फरक छ भने फरक-फरक माटोको नमूना अलग-अलग सङ्कलन गर्नुपर्नेछ। ठूलो वर्षा वा पानी परेको लगत्तै नमूना सङ्कलन गर्नुहुदैन।

छ) नमूना सङ्कलन गर्दा बाली, कान्ला, मल थुपारेको ठाउँ आदिबाट नमूना सङ्कलन गर्नुहुदैन। सकभर बाली लिईसकेपछी नमूना सङ्कलन गर्नुपर्नेछ।

ज) थप जानकारीका लागि गाउँकार्यपालिकाको कार्यालयको कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

सम्पर्क नम्बरः

सन्देश हमाल-९८६४७२०६९३
प्रतिमा न्यौपाने-९८४१९२४०६४
भरत प्रसाद तिमिल्सिना-९८४१६६१८९३

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत